निर्णय नं. १. मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्वन्धी कार्यविधी, २०७५ को दफा ३ मा उल्लेख भएको व्यवस्था वमोजिम आ.व. २०७६/७७ मा ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रवाट ढुंगा, गिट्टी, वालुवा आदिको संकलन तथा विक्री शुल्क मार्फत आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्ने सम्वन्धमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको परीमाण र हाल क्रसर उद्योगहरुले संकलन गरेको नदीजन्य कच्चा पदार्थको मौज्दातको आधारमा देहायको परीमाण र अंकमा आ.व. २०७६/७७ को लागि आन्तरिक आय संकलन ठेक्का वन्दोवस्त गर्नको लागि राजश्व परामर्श समितिवाट सिफारिस भई आएको हुंदा राजश्व परामर्श समितिवाट सिफारिस भई आए वमोजिम तपशिलको परीमाण र अंकमा आन्तरिक आय तर्फको शिलवन्दी वोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

स्थनीय सरकार

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७६/०१/२९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरको च.नं. ६४ मिति २०७५।४।२२ को पत्र, प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५, मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि, २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा नगर कार्यपालिकाको निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७६/७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७६/७७ को लागि निर्धारण गरिएको संकलन तथा विक्री परिमाण ( घनफिटमा ) | आ.व. २०७६/७७ को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्धी एवं विक्री ( संकलन शुल्क रु. ३ र विक्री शुल्क रु. ६) गरी जम्मा प्रति घन फिट रु. | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| MMSI/2076-77/01 | इन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा घाटगद्धी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | २,७५,००,००० (दुई करोड पचहत्तर लाख ) | ९ | २४,७५,००,०००।- (चौबिस करोड पचहत्तर लाख मात्र) | १०,०००।- | कूल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्का नं. MMSI/2076-77/01 को बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधि नगरपालिकासंग सम्झौता भएको मिति देखि २०७७ साल आषाढ मसान्त सम्म रहनेछ। विशेष कारणबस अमानतबाट आन्तरिक आय संकलन गर्नुपर्ने अवस्था भएमा ठेक्का सम्झौताको मिति भन्दा अगाडि संकलन भएको रकम घटाई कूल ठेक्का अंङ्को बाँकी रकम र बाँकी अवधिको लागि ठेक्का सम्झौता गरिनेछ। ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। साथै IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्को थप मूल्य अभिवृद्धि कर राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण आ.व.को प्रत्येक चौमासिक भुक्तान भएको महिना भित्र कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको **ने.बै.लि. मेलम्ची स्थित बैंक खाता नं.** १६८०३००००००००३००००४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको एकमुष्ठ रकम सम्झौता मितिमा बुझाएमा कूल कबोल रकमको ५ प्रतिशत छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **ने.बै.लि., मेलम्ची शाखामा रहेको खाता नं. १६८०३००००००००४००३००१** मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

८. ठेक्कामा कुनै विवाद भएमा मेलम्ची नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। साथै उक्त सूचना मेलम्ची नगरपालिकाको वेभ साइट www.melamchimun.gov.np मा राखिएको छ र बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np बाट E- Bidding मार्फत समेत पेश गर्न सकिनेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० बजे मेलम्ची नगरपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन्।

१२. बोलपत्र फाराम भर्दा बोलपत्रदाताले मू.अ.कर बाहेक वा मू.अ.कर सहितको अंक स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्नेछ।

१३. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।

१४. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ।

Scanned by CamScanner

## आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधि सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिक देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्को २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०७६ साल पौष मसान्त भित्र | कबोल अंङ्को ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०७७ असाढ १५ गतेसम्म | कबोल अंङ्को बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले मेलम्ची न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नुपर्नेछ ।

५. ठेकेदारले उठाउने कर शुल्क नगरपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६. मेलम्ची न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

८. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा क वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

१०. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

११. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. मेलम्ची नगरपालिका भित्रका नदी, नालावाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री गर्ने क्रममा नगरपालिका भित्रका पक्की पूलको तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन गर्न पाईनेछ ।

१३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

१५. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१६. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी मेलम्ची नगर कार्यपालिकाको कार्यालय, मेलम्ची, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र मेलम्ची नगरपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१९. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२०. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

Scanned by CamScanner

निर्णय नं. २ मेलम्ची नगरपालिकाको एकिकृत नगर विकास गुरुयोजना स्विकृत गर्ने सम्वन्धमा छलफल हुंदा उक्त गुरुयोजना अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ घरेलु तथा साना उद्योग विकास समिति कार्यालय , सिन्धुपाल्चोकको मिति २०७६।१।९ को पत्रवाट मेलम्ची वजार क्षेत्र (वडा नं. ११) मा कोशेली घर निर्माण गर्न ,वडा नं. १२ बाहुनेपाटी क्षेत्रमा ढाकाको लागि साझा सुविधा केन्द्र निर्माण गर्न र वडा नं. १ भोटेचौरमा कृषी उपज संकलन केन्द्र निर्माण गर्नको लागि जग्गा उपलब्ध गराई पाऊं भनी लेखी आएकोमा वडा नं. ११ र वडा नं. १२ मा सम्वन्धित वडा कार्यालयलाई जग्गा एकिन गर्न लगाउने र कृषी उपज संकलन केन्द्रको निर्माणको लागि वडा नं. ५ सिन्धुकोटमा निर्माण गर्न सम्वन्धित वडा कार्यालयहरुलाई जग्गा एकिन गरी सोको जानकारी ३ दिन भित्र नगरपालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ४ मेयरकप खुल्ला करांते प्रतियोगिता सञ्चालनको लागि आर्थिक सहयोग पाऊं भनी नेपाल गोजु-रियो करांते- दो संघ शाखा डोजो मेलम्चीको मिति २०७६।१।१३ को निवेदन प्राप्त भएकोमा उक्त मेयरकप खुल्ला करांते प्रतियोगिता सञ्चालनको लागि रु. ९,००,०००।-(रु नौलाख मात्र) नगरपालिकाको वित्तिय समानीकरणको खेलकुद शीर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ मेलम्ची नगरपालिकाको स्वास्थ्य संस्थामा क्लस्टर रयानदमाइज ट्राईल गरी अ.न.मी.द्वारा गर्भवती महिलाहरु बिच इलेक्ट्रोनिक निर्णय प्रणाली प्रयोग गरी गर्भावस्थामा हुने रक्तचाप र मधुमेहको स्क्रिनिङ्ग र व्यवस्थापनमा सुधार ल्याउनको निमित्त हुन लागेको अनुसन्धानको लागि मिति २०७६।१।१३ को पत्रवाट धुलीखेल अस्पतालले अनुमती माग गरेकोमा उक्त कार्यक्रम गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ स्थानीय तहले एफ.एम. रेडियो सञ्चालन गर्ने सम्वन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. ४८४ मिति २०७५।१२।२७ को पत्रानुसार स्थानीय तहले १०० वाट सम्मको एफ.एम. रेडियो संचालनको इजाजत, नवीकरण र नियमन सम्वन्धी कानून वनाएको भए तत् सम्वन्धी कागजात एवं फाईलहरु सम्वन्धीत स्थानीय तहमा हस्तान्तरण गरी पठाउन सकिने व्यहोरा उल्लेख भई आएको हुंदा मेलम्ची नगरपालिकाको एफ.एम. रेडियो संचालन सम्वन्धी ऐन , २०७५ जानकारीको लागि संचार तथा सूचना प्रविधि मन्त्रालयमा लेखी पठाउने र यस मेलम्ची नगरपालिकाको कार्य क्षेत्रमा काम गर्ने गरी दर्ता भएका १०० वाट सम्मका एफ.एम. रेडियोको दर्ता तथा नवीकरण सम्वन्धी आवश्यक कागजात माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रदेश स्तरीय छनौट खेलकुद प्रतियोगितामा सहभागी हुनको लागि आर्थिक सहयोग पाऊं भनि जिल्ला खेलकुद विकास समिति चौतारा, सिन्धुपाल्चोकको मिति २०७५।१०।२७ को पत्रवाट माग भई आएकोमा उपरोक्त कार्यक्रमको लागि रु २,५०,०००।-(रु दुईलाख पचास हजार) नगरपालिकाको वित्तिय समानीकरणको खेलकुद शिर्षकवाट दिने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ८ श्री कालिकाशरण आधारभूत विद्यालय मेलम्ची-५ हैवुङ्गमा व्याकअप सहितको कम्प्युटर ल्याव वनाउने योजना सञ्चालनको लागि रिलिफ नेपाललाई मिति २०१९ अप्रिलदेखि २०२१ अप्रिलसम्म दिएको प्रारम्भिक सहमतिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ मेलम्ची -९ स्थित नौलिङ्ग स्वास्थ्य सेवा केन्द्रलाई साफेदार संस्था वनाई महिला समुह गठन, परिचालन, पशुपालन, दीगो कृषी, जिवीकोपार्जन तथा क्षमता अभिवृद्धि कार्यक्रम मिति २०१९ जनवरी देखि २०१९ डिसेम्वर सम्म संचालन गर्न वौद्ध वाहुनेपाटी परिवार कल्याण योजना परिवार वनेपालाई दिएको सहमतीलाई समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० ग्रामिण स्वास्थ्य तथा शिक्षा सेवा गुठी (रिस्ट) ले मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न सामुदायीक विद्यालयहरुमा अध्ययनरत विपन्न परिवारका छोरीहरुलाई पठनपाठनमा सहयोग पुऱ्याउँदै आएकोमा शैक्षिक सत्र २०७६/७७ को लागि पनि कार्यक्रमलाई निरन्तरता दिन मेलम्ची नगरपालिकावाट दिईएको सहमतीलाई अनुमोदन गर्ने र आगामी शैक्षिक सत्रमा उक्त कार्यक्रमलाई अन्य विद्यालयहरुमा पनि विस्तार गर्दै लैजान पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ मेलम्ची नगरपालिका वडा नं. ५,६ र १० मा प्रांगारिक कफि उत्पादन , गुणस्तर सुधार र वजार प्रवर्धन गर्न व्युटिफुल कफि नेपाललाई मिति २०१९ मे देखि २०२० जनवरी सम्म कार्यक्रम संचालन गर्न दिईएको पूर्व सहमतीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ मेलम्ची नगरपालिका - ११ गैरावगरमा सञ्चालन हुने नगरस्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि प्रस्तावना सहित टिम व्यवस्थापक शिव वहादुर देउजाले मिति २०७६।१।१५ को निवेदनवाट रकम माग गरेकोमा नगरपालिकाको खेलकुद शशर्त अनुदानमा विनियोजित भएको रु १,००,०००।- र वित्तिय समानीकरणको खेलकुद शिर्षकवाट रु ३९,०००।- गरी जम्मा रु १,३९,०००।- (रु एकलाख उनन्चालिस हजार मात्र) दिने निर्णय गरियो ।

निर्णय नं. १३ रेडियो मेलम्चीले रेडियो सामुदायीक भवनको लागि आवश्यक पर्ने जग्गा मेलम्ची नगरपालिका-११, गैरावगरको सार्वजनिक जग्गा उपलब्ध गराईपाऊं भनि मिति २०७५।१०।२८ को पत्रवाट माग गरी पठाएकोमा वडा नं. ११ कार्यालयले माग वमोजिमको जग्गा उपलब्ध गराउन सकिने नसकिने विषयमा सत्य तथ्य वुझि अर्को वैठकमा पेश गर्ने निर्णय गरियो ।

२०७६।१।१६

Scanned by CamScanner